| | |
|---|---|
| भाग ६ | **वनस्पति बाल्ने वा सल्काउने प्रविधि (नियन्त्रित आगो) को प्रयोग बिधि** |
| सेसन १.१<br>सेसन २.२ | वन डढेलोमा वनस्पतिलाई सल्काउने प्रयोग हुने यन्त्र र सहायक उपकरण तयार गनुहोस<br>निर्दिष्ट गरेको बाल्ने योजनालाई पछयाउदै आगो सल्काउने यन्त्रहरुको प्रयोग गनुहोस |

## यस अध्यायको बारेमा:

यो अध्यायले ग्रामीण क्षेत्रका वनमा लागेको डढेलो नियन्त्रण र निर्धारित आगो लगाउने कार्यमा खटिएका व्यक्तिहरूले प्रयोग गर्ने प्रविधि तथा रणनीतिहरु बारेमा वर्णन गर्दछ ।

यो अध्याय कुनै पनि क्षेत्र जस्तै : वन जंगल, झाडी तथा बुट्यान वा घासेमैदान आदि क्षेत्रमा लागू गर्न सकिने गरी तयार पारिएको छ ।

यो अध्याय त्यस्तो व्यक्तिको निम्ति हो जस्लाई ईन्धन बाल्न हाते सञ्चालित वाल्ने यन्त्रको प्रयोग गर्न आवश्यक पर्दछ । यो यस्तो अवस्थाको लागि हो जहा बाल्ने काम सरल छ, जोखिमको स्तर र आगोको स्वभावको जटिलता कम छ र संञ्चालक प्रत्यक्ष निगरानीमा छ ।

यो अध्याय मुख्यत अग्नि सेवा, कृषि, वन डढेलो, संरक्षण, खर तथा घासेमैदान व्यवस्थापन र मनोरञ्जन प्रर्बधनमा जो पूर्ण वा अंशकालिन या स्वैच्छिक आधारमा काम गर्ने व्यक्तिहरूलाई लक्षित गरी तयार पारिएको छ ।

## यो अध्याय बुझ्नको लागि निम्न विषयमा सक्षम हुन जरुरी छ

- वनस्पतिलाई बाल्ने कार्यमा आगो सल्काउनको लागि बाल्ने यन्त्रको प्रयोग र तयारी गनुहोस
- संगठनात्मक डढेलो कार्य प्रणालीका प्रक्रियाहरू अपनाउने वा पछ्याउने
- अग्नि कार्य स्थलमा सुरक्षित साथ सञ्चालित हुने
- अग्नि कार्यस्थलमा सञ्चालित भएका लाई चाहिने आवश्यक सहयोग प्रदान गर्ने
- संगठनात्मक प्रक्रियाको अधिनमा रहि डढेलोसंग सम्बन्धित धटनामा उचित प्रतिकृया दिने

| मुल शब्दहरु र वाक्यांशहरु | तपाइँका लागि अध्यायको सामग्री पूर्णतया बुझ्न यहाँ प्रयोग हुने महत्त्वपूर्ण शब्दावलीको बारे जान्न जरुरी हुन्छ। यहाँ दिइएका परिभाषाहरू पछि आउने अध्यायमा सहयोग गर्न सक्दछ । |
|---|---|
| **किनारा बिन्दु** | सामान्यतया आगोको फैलावटमा बाधा पुयाउने यस्तो किसिमको लाभकारी स्थान, जहा अग्नि रेखा निर्माण सुरु गर्न सकिन्छ । अग्नि रेखा निर्माण गरिरहेको बेलामा आगोको दाया बायाको गाला तर्फ वढ्ने मौकालाई घटाउन प्रयोग गरिन्छ |
| **ब्याक बर्निंग** | नियन्त्रित रेखाको भित्रि किनारा बाट लगाईएको आगो जस्ले डढेलोको पथमा पर्ने ईन्धनलाई अग्रीम जलाई उपभोग गर्दछ |
| **ब्याक फाईरिग** | नियन्त्रित रेखाको भित्रि किनारा बाट लगाईएको आगो जस्ले डढेलोको पथमा पर्ने ईन्धनलाई अग्रीम जलाई उपभोग गर्दछ र यसले आगोको संवहन स्तम्भको बलको दिशा बदल्छ |
| **बरर्निग आउट** | नियन्त्रित रेखाको भित्रि किनारा बाट लगाईएको आगो जस्ले नियन्त्रित रेखाको चौडाई बडाउछ भने नियन्त्रित रेखा र अग्नि किनाराको बिचमा भएको ईन्धनलाई अग्रीम जलाई उपभोग गर्दछ |
| **नियन्त्रण रेखा** | सबै मानव निर्मीत वा प्राकृतिक बाधा वा उपचार गरिसकिएको अग्नि किनारहरु जसले आगो नियन्त्रण गर्न मदत गर्दछ ( छेक्ने रेखा, अग्नि ब्रेक, अग्नि रेखा, ईन्धन ब्रेक, खोस्रेको रेखा,माध्यमिक रेखा, चिसो रेखा ) |
| **ड्रिप टर्च** | एक हाते सिलिन्डर जस्मा ज्वलनशील ईन्धन, ईन्धन प्रवाह नियन्त्रण उपकरण, विक र बर्नर हुन्छ । यस उपकरणमा प्रयोग गरिएको ईन्धनमा सामान्यतया डिजल र पेट्रोलको मिश्रण हुन्छ । यो उपकरण ब्याक फईरिग र प्रिसक्राइब बर्निग गर्दा आगो बाल्नको लागि प्रयोग गरिन्छ । |
| **डढेलोका वातावरण** | वरपरका अवस्थाहरु, प्रभावहरु, भू वनोटका, ईन्धन र मौसमको परिमार्जन |
| **डढेलोको व्यवहार** | ज्वालाका बिकास, आगोको फैलावट र ईन्धन बल्ने तरिका वा अन्य सम्बन्धित प्रकिया जस्ले इन्धन, मौसम र स्थलगत क्षेत्रको अन्तरकिया लाई निर्धारित गर्दछ |
| **ईन्धनमा नमीको मात्रा** | ईन्धन भएको पानीको मात्रा जसलाई ईन्धनको सुख्खा वजनको प्रतिशतको रुपमा व्यक्त गर्न सकिन्छ |
| **इन्धनको वजन** | जमिनमा रहेको ईन्धनको मात्रा, जस्लाई मात्रात्मक रुपमा ईन्धनको वजनको प्रति इकाई क्षेत्रको आधारमा व्यक्त गरिन्छ । यो उपल्ब्ध ईन्धन वा कूल ईन्धन हुन सक्छ, जसलाई सामान्यतया सुख्खा वजनकामा व्यक्त गरिन्छ |
| **इन्धनको प्रकार** | वनस्पतिको प्रकार, परिमाण, व्यवस्था, वितरण, र चिस्यानको मात्रा । जमीन (पिट, जरा), सतह (पत्कर, घाँस, झाडी) वा हवाई (रूख) ईन्धन हुन सक्छन |
| **बल्ने ढाँचा** | निस्चित आगोको स्वभावलाई प्रप्त गर्न प्रिसकइव बर्निग, ब्याक फाईरिग र बरर्निग आउट गर्दा आगो बाल्ने तरिका । साधारणतया प्रयोग गरिने बाल्ने ढाचाः ब्याकिंग, फल्याकिंग, पोईन्ट, स्ट्रिप र स्ट्रिप हेड फायर |
| **प्रिसकइव बर्निग** | संसाधन व्यवस्थापन उद्धेश्यहरु प्राप्त गर्न निर्धारित पर्यावरण परिस्थितिहरु र परिभाषित सिमाहरुमा आगोको नियोजित प्रयोग |

## सेसन :१.१: वन डढेलोमा वनस्पतिलाई सल्काउने प्रयोग हुने यन्त्र र सहायक उपकरण तयार गनुहोस

**तपाईंले के गर्न सक्नु पर्छ ?**

१. निर्माताको सिफारिसको अनुसार दैनिम मर्मत, पूर्व सुरुवात जाच, ईन्धन भर्ने आदि काम सञ्चालन गर्ने
२. ईन्धनको अवस्था अनुरुप उपयुक्त बाल्ने उपकरण चयन र तयार गनुहोस
३. यातायातका साधानमा इन्धन र बाल्ने उपकरणहरु लोड गर्ने र सुरक्षित साथ राख्ने
४. उपकरणहरुको सुरक्षा र आपूर्ति कायम राख्नुहोस
५. व्यक्तिगत सुरक्षात्मक उपकरणहरुको तयारी तथा जाँच गनुहोस
६. डढेलो नियन्त्रणको अवधिभर आफ्नो र टोलीको सुरक्षा र स्वास्थ्य कायम राख्नुहोस
७. प्रासंगिक कानुनी, संगठनात्मक र पर्यावरणीय आवश्यक्ता अनुसार सामाग्रीको व्यवस्थापन गर्नुहोस

**यो सेसनले निम्न कुराहरु समावेश गर्दछ,**

**क) बाल्ने यन्त्र**

१. ग्याँस टर्च
२. ड्रिप टर्च
३. डिजल बर्नर

**ख) बाल्ने यन्त्रको तयारी र मर्मत गनुहोस**

१. हाते उपकरण
२. अन्य मर्मतका उपकरणहरु

**ग) निम्न अवस्थामा**

१. कार्यशाला गोष्ठि
२. कार्यस्थल वा सञ्चालनमा

**घ) व्यक्तिगत सुरक्षात्मक उपकरणहरु**

१. हेलमेट, अनुहार छेक्ने साधन र चस्माहरु

२. अग्नि प्रतिरोधी कपडाहरू

३. पन्जा

४. ताप प्रतिरोधी जूता

५. पिउने पानी

**तपाईलाई थाहा हुनु पर्ने र बुझ्नु पर्ने कुराहरु**

१. उपकरण, सामाग्री र उत्पादनको सुरक्षित प्रयोगका लागि आपूर्तिकता र निर्माताको निर्देशहरु

२. सुरक्षित रुपमा मिश्रित गर्न सकिने ईन्धन अनुपात

३. ईन्धनको सुरक्षित परिवहनको आवश्यकता र तरिकाहरु

## सेसन : १.२ निर्दिष्ट गरेको बाल्ने योजनालाई पछयाउदै आगो सल्काउने यन्त्रहरुको प्रयोग गनुहोस

**तपाईंले के गर्न सक्नु हुन्छ?**

१. डढेलोको वातावरणको तार्किक मूल्याङकन र स्थानिय डढेलोको पूर्वानुमान वा भविष्यवाणी

२. बयान गर्दा दिएको निर्देशनलाई पुष्टि गनुहोस

३. निदिष्ट गरेको बाल्ने योजनालाई पछयाउदै बाल्ने यन्त्रहरुको प्रयोग गर्नुहोस

४. बाल्नेक्रममा आगोको स्वभाव अवलोकन गर्नुहोस र योजना बिपरित भएमा रिपोर्ट गर्नुहोस

५. जब आगोको स्वभाव असुरक्षित हुन्छ वा हुन सक्छ, तब उपयुक्त कारवाहि गर्नुहोस

६. आगोको स्वभाव र मौसमा आएको परिवर्तनहरुको अवलोकन र रिपोर्ट गर्नुहोस

७. बाल्ने कार्यको दौरान बिफिंग र संगठनात्मक प्रकिया भित्र रहि टोली सदस्य संग संचारमा बसी काम गर्नुहोस

८. बाल्ने यन्त्रलाई सुरक्षित साथ निभाउनुहोस

## यो सेसन वा सामग्रीले निम्न कुरा समावेश गर्दछ

**क) बाल्ने यन्त्र**

१. ग्याँस टर्च

२. ड्रिप टर्च

३. डिजल बर्नर

## सेसन : १.२ क्रमश :

**ख) ईन्धनको अवस्था**

१. ईन्धनको नमी (ओस)

२. ईन्धनको प्रकार

३. ईन्धनको मात्रा वा वजन

**ग) डढेलो व्यवस्थापनका कार्यहरुमा आगोको प्रयोग**

१. समानांतर र अप्रत्यक्ष आक्रमण

२. आगो निभाउन

**तपाई लाई थाहा हुनु पर्ने र बुझ्नु पर्ने कुराहरु**

१. डढेलो स्वभावको कारक तत्व जसले आगोको स्वभाव र ईगनिसिनमा प्रभाव पार्छ

२. बाल्ने योजनाको उदेश्य प्राप्त गर्न संगठनात्मक प्रकिया भित्र रहि डढेलो स्वभावमा प्रभाव पार्न कसरी विभिन्न ईगनिसिन प्याटर्नको प्रयोग गर्ने

३. आफ्नो, टोली र जनताको सुरक्षा र स्वास्थ्यमा धुवाको प्रभाव

४. अग्नि नियन्त्रण टोलीले व्यक्तिगत वा अन्य इगनिसन यन्त्र संगको संयोजनको रुपमा प्रयोग गर्ने इगनिसन यन्त्र, विमान, पम्प, र हाते उपकरणहरुको क्षमता र सीमाहरु

५. वरिपरी हेर्नुपर्नेको भूमिका, डढेलोको स्थितिको वारेमा जानकार हुनुको महत्व र टोलीका सदस्यहरू र पर्यवेक्षक सँग कुराकानी गर्न सक्षम हुनुर्पछ । साथै तपाईंको भाग्ने मार्ग कहाँ हो र कसरी सुरक्षित स्थानसम्म जाने भन्ने बारे जानकार हुनुपर्छ ।

# अस्विकरण

यो अस्वीकरण तपाईंको वेब साइट को प्रयोग गर्दछ र यस वेब साइट को उपयोग गरेर तपाईंलाई यस अस्वीकरणलाई पूर्ण रूपमा स्वीकार गर्नुपर्नेछ । कृपया ध्यान दिनुहोस् कि यस वेब साइटमा बिना सूचना जानकारी परिवर्तन हुन सक्छ । The Global Fire Monitoring Center, The International Association of Fire and Rescue Services and Rural Development Initiatives Ltd (together the “EuroFire Partners”) र यो होस्ट वेब साइट संग जडान, ब्राउजिङ, जानकारीको प्रयोगमा निहित, र यस वेबबाट कुनै पनि सामग्री डाउनलोड गरेमा कुनै जिम्मेवारी स्वीकार गर्ने छैन र सबै दायित्व (कानून द्वारा अनुमति दिइएको अधिकतम हदसम्म) मा बहिष्कृत गर्नसक्नेछ । यो वेब साइटमा रहेको जानकारीहरु कानुनी वा व्यावसायिक सल्लाह अनुरुप छैन। यो वेब साइटमा समाहित सामग्री सामान्य जानकारी प्रयोजनका लागि मात्र प्रदान गरिन्छ र कुनै पनि सूचना वा सामग्रीको आधार बनाउँदैन जुन एक विशिष्ट उद्देश्यका लागि निर्भर हुनुपर्दछ । EuroFire Partner र यो वेब साइटले कुनै पनि जानकारी वा कथन को पूर्णता वा शुद्धता को लागी जिम्मेवारी स्वीकार गर्दैन र वेब साइट वा कुनै पनि हानिकारक वा क्षतिको लागि जुनसुकै निर्भरताबाट उत्पन्न हुन सक्छ, चाहे कुनैपनि हानि प्रत्यक्ष, अप्रत्यक्ष वा परिणाममुलक हुनसक्छ । यो वेब साइटको सामग्रीमा निर्भर हुनुहुदैन र तपाईले आफ्नो सम्बन्धित अधिकार प्राप्त क्षेत्रको उचित व्यक्तिको सल्लाह विना यो जानकारीको प्रयोग नगर्नुहुन अनुरोध छ । विशिष्ट अस्वीकरणहरू यो निश्चित सामग्रीको साथ वा यस वेब साइटको केही भागमा यस अस्वीकरणको अलावा लागू हुन सक्छ। केहि सामग्री वा यस वेब साइटको भागहरुमा यी पृष्ठहरूबाट अन्य वेब साइटहरूमा लिङ्कहरू जानकारीका लागि मात्र हुन रकेवल र EuroFire Partners र यस वेब साइटले दिइएको पहुँच, वा सामाग्री यो वेब साइटमा लिंक गरिएको छ त्यसको कुनै जिम्मेवारी वा दायित्व स्वीकार गर्दैन र जरूरी छैन कि तिनीहरूमा व्यक्त गरिएका विचारहरूलाई समर्थन गर्छ। यस वेब साइटमा जानकारी प्रतिक्रिया समावेश गरेको छ तर जरुरी छैन कि त्यो सबै EuroFire Partners वा अन्य साझेदारी संस्थाको होस । यस साइटमा सबै सामग्रीहरू प्रतिलिपि अधिकार र बौद्धिक सम्पत्ति कानुनद्वारा सुरक्षित छन् र जबसम्म स्पष्ट रूपमा उल्लेखित वा अन्यथा लेखनमा सहमति भएको छ र तपाईंले सामाग्री पहुँच र डाउनलोड गर्न सक्नुहुन्छ । यो वेब साइट मात्र व्यक्तिगत, गैर व्यावसायिक उपयोगको लागि हो ।

The EuroFire Partners ले यो वारेंटं गर्दैनन् कि यस वेब साइटमा उपलब्ध सामाग्रि त्रुटिरहित हुनेछ वा दोषहरू सच्याइएको हुनेछ, वा त्यो सर्भरले यो वेब साइट उपलब्ध गराउने सर्भर भाइरस रहित छ । तपाईंले आफै हेर्नु पर्छ र भाइरस जाँचहरू लागू गर्न तपाईंको स्वयंको जिम्मेवारी हो । यस वेब साइटको जानकारी र अन्य सामग्रीहरू स्कटल्याण्डका नियमहरूसँग पालन गरी डिजाइन गरिएको छ । यो वेब साइट स्कटल्याण्डको कानुन अनुसार प्रशासित र यस वेब साइट को सबै प्रयोगकर्ताहरु लाई अपरदर्शी रूपमा स्कटिश अदालतको अधिकार क्षेत्रलाई बुझाउँदछ जुन कुनै वेबसाईट वा यस वेब साइटको साथ जोडिएको कुनै पनि दावी वा अन्य क्रियाकलापको सन्दर्भ गर्दछ । हाम्रो सेवा वा यस साइटमा उत्पादित कुनै पनि जानकारी यदि कुनै पनि अन्य देशमा लागु गरिएको कानुनी कानूनको बिरुद्ध यस वेब साइटको कुनै पनि चीज हो भने, यो वेब साइट त्यस देशका व्यक्तिहरूले पहुँच गर्न नसक्ने र यस्तो कानुनी अधीनमा रहेका व्यक्तिहरू यसको प्रयोग गर्न योग्य हुदैनन्।



EuroFire is being funded with support from the European Commission. The information presented here reflects the views only of the author and the Commission cannot be held responsible for any use wihich may be made of the information contained therein.